नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाडौं

समयावधि थप सम्बन्धी सूचना।

नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०८३/०७/०९ को निर्णयानुसार नेपाल राजपत्रको खण्ड ७६ संख्या ४५ भाग ५ मितिः २०८३/०७/१६ मा प्रकाशित सूचना बमोजिम कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका कम्पनीहरूले कारोबार सञ्चालनलाई निरन्तरता दिन वा कम्पनीको दर्ता खारेज गर्न चाहेमा आर्थिक ऐन, २०८३ को दफा ४८ बमोजिम दाखिला गर्नुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवाना दाखिला नगरेको भए त्यस्ता कम्पनीहरूलाई आर्थिक वर्ष २०८२/०८३ सम्मको कानूनबमोजिम लाग्ने कर, शुल्क, दस्तुर तथा विवरण बुझाउने अवधि संवत् २०८३ साल पुस मसान्तसम्म थप भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

उक्त अवधिभित्र विवरण पेश गरी कानूनबमोजिम लाग्ने कर, शुल्क, दस्तुर तथा जरिवाना दाखिला गरेमा सोभन्दा अघिका आर्थिक वर्षहरूमा लागेको वा लाग्ने सम्पूर्ण कर, शुल्क, दस्तुर तथा जरिवाना मिनाहा हुने भएकोले, कारोबार सञ्चालनलाई निरन्तरता दिन वा कम्पनीको दर्ता खारेज गर्न चाहने सम्बन्धित कम्पनीहरूले आर्थिक वर्ष २०८२/०८३ भन्दा अघिका आर्थिक वर्षहरूको विवरणसमेत संवत् २०८३ साल पुस मसान्तभित्र यस कार्यालयको अनलाइन प्रणाली CAMIS मार्फत पेश गरी कानूनबमोजिम कर, शुल्क, दस्तुर तथा जरिवाना मिनाहासम्बन्धी सुविधाको लाभ लिनुहुन सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

मितिः २०८३/०७/१७ गते।

नेपाल संवत् ११४६

कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाडौं।

फोनः ०१-५३१५०७७ (रजिष्ट्रार), ५३५९९६१, ५३६७२५६ (सहायता कक्ष)

E-mail: info@ocr.gov.np, URL/Website: www.ocr.gov.np